**श्रीमान् सचिवज्यू, पत्रकार मित्रहरू, कर्मचारी साथीहरू**

**तपाईंहरू सबैमा हार्दिक जय नेपाल**

पत्रकार मित्रहरूलाई कृषि तथा पशुपन्छी विकास मन्त्रालय फेरि स्वागत गर्न पाउँदा खुसी लागेको छ । मैले यस मन्त्रालय सम्हालेको छ महिना भएको छ । यसबिचमा तपाईंहरूको सहयोग र सद्भावप्रति आभारी छु । तथ्यको जगमा सत्य उजागर गर्ने सञ्चार माध्यम र सञ्चारकर्मीको भूमिका र दायित्व हो । त्यसका आधारमा प्रकाशन तथा प्रसारण गरिएका समाचारलाई मैले र कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सकारात्मक रुपमा लिएको छ । त्यसका आधारमा हाम्रोतर्फबाट केही कमी कमजोरी भएका रहेछन् भने सच्याउने प्रयत्न गर्दै आएका छौं र अगामी दिनमा पनि गर्ने प्रतिबद्धता जनाउन चाहन्छु ।

**मित्रहरू**

यसबिचमा हामीले के गऱ्यौं, के कति काम गर्न प्रयासरत छौं भन्नेमा तपाईंहरू जानकार नै हुनुहुन्छ । आज तपाईंहरूलाई यसबिचमा के कति काम भयो र अब के गर्न खोज्दैछौं भन्नका लागि आमन्त्रण गरिएको होइन ।

मैले मन्त्रालयको जिम्मेवारी सम्हालेसँगै कृषि अनुदान लिने नाम सार्वजनिक गर्ने प्रतिबद्धता जनाउँदै आएको थिए । राज्यबाट अनुदान लिने उद्देश्य अनुरुप प्रयोग नभइ रकम दुरुपयोग भएको भन्ने गुनासो आएका थिए र छन् ।

सोही अनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट अनुदान लैजानेहरूको नाम सार्वजनिक भयो भने आम जनता, सञ्चार माध्यमले पनि अनुदान रकमको प्रयोगका बारेमा खोज्न र जान्न सक्ने छन् । यस कार्यमा तपाईंहरूको साथ र सहयोगको पनि अपेक्षा गरेको छु ।

साथै कृषि तथा पशुपन्छी विकास मन्त्रालयले त्यसरी लगिएका अनुदानको अवस्था के कस्तो छ भनेर अध्ययनका लागि समिति नै गठन गरेर काम सुरु गरेको पनि जानकारी

CamScanner

गराउन चाहन्छु । मन्त्रालय वा अन्तर्गतका निकायहरुबाट प्रदान गरिने सेवाको रुपमा रहेको अनुदानग्राहीहरुको विवरण तयार गरी सार्वजनिकीकरण गर्ने ब्यवस्थाका लागि नेपाल सरकार सचिवस्तर मिति २०८१।०७।०२ गतेको निर्णयानुसार यस मन्त्रालयका सहसचिव डा. हरि बहदुर के. सी. संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको थियो ।

आज तपाईंहरूलाई पछिल्लो ५ वर्ष अर्थात् आर्थिक वर्षमा २०७६/ ७७ देखि आर्थिक वर्ष २०८०/८१ सम्म कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट अनुदान लाने कृषि सहकारी, कृषि समूह तथा कृषि फर्महरूका नाम सार्वजनिक गर्ने उद्देश्यले मन्त्रालयमा आमन्त्रण गरेका हौं । साथै यस मन्त्रालयबाट सम्पादन हुने महत्वपूर्ण कार्य मध्येको रासायनिक मलको विगत र हालको अवस्था तथा यस आर्थिक वर्षको धानबालीको उत्पादन अवस्था समेत जानकारी गराउने उद्देश्य राखेका छौं ।

यस अवधिमा प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई प्रकारका अनुदान प्रवाह भएका छन् । जसमा जम्मा १ खर्ब ७ अर्ब ६६ करोड २७ लाख ८९ हजार रुपैयाँ रहेको छ । त्यसमध्ये प्रत्यक्षतर्फ (यस मन्त्रालय अन्तर्गत सञ्चालित स्वदेशी तथा विकास साझेदारहरुको सहकार्यमा सञ्चालित परियोजना लगायत उखु कृषकलाई प्रोत्साहन अनुदान, कृषि बिमा, पशुपन्छी तथा मत्स्य बिमाको प्रिमियममा लाग्ने रकम मार्फत कृषि सहकारी, कृषि समूह तथा कृषि फर्मलाई वितरण गरिएको अनुदान) २० अर्ब ३० करोड ३० लाख १४ हजार रुपैयाँ रहेको छ । अप्रत्यक्षतर्फ (अनुदानित रासायनिक मल) ८७ अर्ब ३५ करोड ९७ लाख ७३ हजार रुपैयाँ रहेको छ ।

<u>**क. अप्रत्यक्षतर्फ**</u>

*-अनुदानित रासायनिक मल वितरण कार्यक्रममा ८७ अर्ब ३५ करोड ९७ लाख ७३ हजार रुपैयाँ*

-

CamScanner

## ख. प्रत्यक्षतर्फ

पत्रकार मित्रहरू तपाईंहरूको सबैभन्दा चासो र मेरो पनि सरोकारको विषय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्रत्यक्षतर्फ अनुदान रकम हो । यस मन्त्रालय अन्तर्गत सञ्चालित स्वदेशी तथा विकास साझेदारको सहकार्यमा सञ्चालित परियोजना तथा उखु कृषक प्रोत्साहन अनुदान कृषि बिमाको प्रिमियम अनुदान पशुपन्छी तथा मत्स्य बिमाको प्रिमियम अनुदान मार्फत कृषि सहकारी, कृषि समूह तथा कृषि फर्ममार्फत विगत ५ वर्षमा प्रत्यक्षतर्फ २० अर्ब ३० करोड ३० लाख १४ हजार रुपैयाँ अनुदान प्रवाह भएको छ । प्रत्यक्ष ५ वटा आयोजनाबाट अनुदान रकम प्रवाह भएका छन् ।

*- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना*

परियोजनाबाट १ लाख ४१ हजार ६ सय ७० कृषि सहकारी,कृषि समूह तथा कृषि फर्महरू मार्फत कुल रु ६ अर्ब ६१ करोड ९५ लाख ३१ हजार रुपैयाँ रकम प्रवाह भएको छ ।

*- रानी जमरा गुलरिया सिँचाई आयोजना कृषि कार्यक्रम कार्यान्वयन एकाई*

यस आयोजना बाट २१ हजार ४ सय ५० कृषि सहकारी, कृषि समूह, कृषि फर्महरू मार्फत कुल रु १८ करोड ४८ लाख ६१ हजार रुपैयाँ प्रवाह भएको छ ।

*- कृषि क्षेत्र विकास कार्यक्रम*

यस कार्यक्रम तर्फ २७ हजार ६ सय ५० कृषि सहकारी, कृषि समूह तथा कृषि फर्महरू मार्फत कुल रु ८० करोड १९ लाख ६१ करोड रुपैयाँ रकम प्रवाह भएको छ भने।

CS CamScanner

*- नेपाल लाईभस्टक इनोभेसन आयोजना*

यस आयोजनामा ११ हजार १ सय ५० कृषि सहकारी, कृषि समूह तथा कृषि फर्महरू मार्फत कुल रु १ अर्ब ९२ करोड ७५ लाख १३ हजार रुपैयाँ प्रवाह भएको छ ।

*-खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना*

यस आयोजनामा ४६ हजार २ सय २६ कृषि सहकारी, कृषि समूह तथा कृषि फर्महरू मार्फत कुल रु १ अर्ब ५ करोड ३७ लाख ७९ हजार रुपैयाँ प्रवाह भएको छ ।

*REED परियोजना*

स्टार्टअप ग्रान्टका कार्यक्रमहरु रहेकोमा लाभग्राहि छनौट र अन्य प्रकृयागत ढिलाईका कारण चालु आव ०८१/८२ मा हाल सम्म ३६६ कृषकहरुलाई रु १ करोड ६४ लाख ४८ हजार अनुदान रकम प्रवाह भएको छ।

-उखु कृषक प्रोत्साहन अनुदानमार्फत ४ अर्ब ७ करोड २४ लाख २० हजार रुपैयाँ

- कृषि बिमाको प्रिमियम अनुदान तर्फ ५० करोड ४८ लाख ८२ हजार रुपैयाँ

- पशुपन्छी तथा मत्स्य बिमाको प्रिमियम अनुदान तर्फ ५ अर्ब १३ करोड ८० लाख ६६ हजार रुपैयाँ प्रवाह भएका छन् ।

*- PACT परियोजना(०६६ I ६७ देखि ७४ I ७५)*

१२ सय २३ कृषि सहकारी, कृषि समूह तथा कृषि फर्महरू मार्फत २ अर्ब १० करोड २६ लाख रुपैयाँ अनुदान प्रवाह भएको छ ।

CamScanner

पत्रकार मित्रहरू

विगतको समयमा फेज आउट भएका परियोजना मार्फत पनि अनुदान रकम प्रवाह भएका छन् सो को विवरण पनि चाडै सार्वजनिककरण गरिने छ ।

क कसले कति कति रकम लगे भन्नेसहितको विस्तृत विवरण कृषि सूचना तथा प्रशिक्षण केन्द्र मार्फत तपाईंहरुलाई उपलब्ध गराइने छ ।

यसमा प्रदेश तथा स्थानीय सरकारबाट प्रवाह भएका सशर्त अनुदानहरूको विवरण समावेश भएका छैनन् । प्रदेश तथा स्थानीय सरकारबाट कृषि क्षेत्रमा प्रवाह भएका अनुदानहरू अनुदान लिनेहरूको नाम सार्वजनिक गर्न पनि तपाईंहरुमार्फत स्थानीय र प्रदेश सरकारहरूलाई अपिल गर्न चाहन्छु र यसको समन्वय गरि निकट भविष्यमा एकै द्वार मार्फत सार्वजनिकरण गर्ने व्यवस्था मिलाउने प्रतिबद्धता व्यक्त गर्दछु।

यसबाट तीन तहको सरकारबाट प्रवाह हुने अनुदानमा पारदर्शिता हुनुको साथै अनुदानमा हुने दोहोरोपना हटाउन सहयोग पुग्ने छ । यसबाट उद्देश्य अनुरुप अनुदान रकमको प्रवाहमा प्रभावकारीता आउने एवं रकमको दुरुपयोग रोकिने छ ।हामी यसका लागि मन्त्रालयबाट तयार भएको कृषि विधेयकमा समेत उचित सम्बोधन गरी अनुदान लिने र दिने दुवै पक्षलाई जवाफदेहि बनाउने आधार समेत निर्माण गर्नेछौं । हाम्रो आमन्त्रणलाई स्वीकार गरी यस कार्यक्रममा उपस्थित हुनुहुने पत्रकार मित्रहरु लगायत सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

मिति २०८१ पुस २८ गते

धन्यवाद। जय नेपाल

CamScanner